नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्यूरो

बबरमहल,काठमाण्डौ ।

## प्रेस विज्ञप्ति-३२

फो.नं: ०१-५३३९५६९
०१-५३४११७७

### " प्रलोभनमा पारी बिहे गरी मानव बेचबिखन तथा ठगी गर्ने व्यक्ति पक्राउ "

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२७३) लाई काठमाण्डौबाट साथी भेट्न पोखरा जाने क्रममा सँगै बसको सिटमा भेट भएको अवस्थामा कुरा हुदैं जाँदा आफू अविवाहित रहेको, तिमी मलाई मन पर्‍यो म तिम्रो बहिनीको उपचारको लागि पुर्ण सहयोग गर्छु, मृगौलाको उपचार गर्ने मैले डाक्टर चिनेको छु भनी बुटवल पुर्याई प्रलोभन देखाई जाहेरवालालाई बिहे गरी आफन्तहरुबाट सापट मागेर जाहेरवालाको बहिनीको उपचारको लागि ७० लाख भन्दा बढी पैसा जम्मा गरिदिएको छु भनी निज जाहेरवालाबाट थप पैसा लाग्ने भनि ATM मार्फत ६ लाख झिकी ठगी गरी बिभिन्न बहाना बनाई मानव बेचबिखन गर्ने उद्देश्यले पटक पटक नेपालको सीमा नजिक भारतको बजार पुर्याइएकोमा चेलिबेटी बेचबिखन बिरुद्द संस्थामा कार्यरत महिलाहरुले बेचबिखनमा पर्न सक्ने जानकारी गराएपश्चात नेपाल फर्की आएको भन्ने सुचना प्राप्त गरी निज कसूर गर्ने व्यक्तिलाई यस व्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला भक्तपुर भक्तपुर नगरपालिका वडा नं. १७ दुधपाटी स्थितबाट मिति २०८०/१२/०६ गते पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ७ (सात) को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भईरहेको ।

**पक्राउ परेको अभियुक्तको विवरण :-**

**नाम:- दुर्गा बहादुर पौडेल क्षेत्री**

**उमेर:-** ३६ बर्ष

**स्थायी वतन:-** साविक जिल्ला नवलपरासी कावासोती गा.बि.स.वडा नं. ५ हाल परिवर्तित नवलपुर कावासोती नगरपालिका वडा नं. ८

**अस्थायी वतन:-** जिल्ला कास्की पोखरा महानगपालिका वडा नं. ६

**अभियुक्तको फोटो**




- अभियुक्तले आफु अविवाहित रहेको भनी जाहेरवालाको बहिनीको उपचारमा सहयोग गर्ने प्रलोभन देखाई झुक्यानमा पारी विहे गरेको खुल्न आएको ।
- मृगौलाको उपचार गर्ने डाक्टर चिनेको छु भनी बुटवल लगी आफ्नै साथिलाई डक्टर देखाई झुक्यानमा पारेको खुल्न आएको ।
- जाहेरवालाको बहिनीको उपचारको लागि ७० लाख भन्दा बढि पैसा जम्मा गरेको भनी झुठो कुरा बताई उपचारको लागि थप पैसा झिकाउन लगाई जाहेरवालाबाट ६ लाख ठगी गरेको खुल्न आएको ।
- उपचारको व्यवस्था मिलाउन भनी झुठो बहाना बनाई बेचबिखन गर्ने उद्देश्यले नेपालको सीमा भारतको बजारसम्म लगेको खुल्न आएको ।

**मिति:-२०८०/१२/०८ गते ।**

**प्रवक्ता**
(गौतम मिश्र)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२८११६०